

# न्यू जर्सी को कार्य सम्बन्धी आफ्ना अधिकारहरू जान्नुहोस्

**myworkrights.nj.gov**

### धेरैजसो कामदारहरूको न्यूनतम ज्याला $१५ भन्दा बढी छ।

- आफ्नो न्यूनतम ज्यालाको दर हेर्न nj.gov/labor/minwage मा जानुहोस, वा QR कोड स्क्यान गर्नुहोस्

### तपाईंको तलब पाउने अधिकार छ

- तपाईंले काम गरेको पूर्ण समयका लागि र राज्यले लागु गरेको न्यूनतम ज्याला भन्दा कम नहुने गरी पूर्ण रकम पाउनुपर्छ।
- **ओभरटाइम**: धेरैजसो कामदारहरू ४० घण्टा प्रति हप्ता भन्दा धेरै काम गरेकोमा नियमित प्रतिघण्टा दरको १.५ गुणा भुक्तानीको हकदार हुन्छन्।
- **सार्वजनिक निर्माण** (जस्तै, विद्यालय, भवन, सकडहरू): ठेकेदारले राज्यसंग दर्ता गर्नुपर्छ र प्रचलित ज्याला भुक्तानी गर्नुपर्छ।
- **स्वतन्त्र ठेकेदार (1099) को रूपमा गलत वर्गीकृत गरिएको वा हिसाब नराखी नगद भुक्तानी गरिएको:** तपाईं दोषी हुनुहुन्न, तर तपाईंलाई कार्य सम्बन्धी अधिकार र अन्य लाभहरूबाट वन्चित गर्न सकिन्छ। गलत वर्गीकृत गरिएका कर्मचारीहरूलाई रोजगारदातालाई जरिवाना गरेर त्यही बाट क्षतिपूर्ति दिनसकिन्छ।

### तलबी बिरामी बिदा दिनु कानुन हो

तपाईंसँग आफ्नो र आफ्नो प्रियजनको स्याहार गर्ने अधिकार छ।

- रोजगारदाता जति सुकै सानो या ठुलो भए पनि तपाईंले काम गरेको हरेक 30 घण्टामा 1 घण्टा तलबी बिरामी बिदा उपलब्ध गराउनुपर्छ, जुन वर्षमा 40 घण्टासम्म हुन सक्छ; शारीरिक वा मानसिक स्वास्थ्य, कोभिड-19 परीक्षण/खोप/क्वारेन्टाइन, तपाईंको बच्चाको विद्यालय अपोइन्टमेन्टका लागि, यौन/घरेलु हिंसासँग सामना गर्न र थप कुराहरूका लागि बिरामी बिदाहरु प्रयोग गर्न सकिन्छ
- लगभग सबै कामदारहरूलाई समेटिन्छ: फुल-टाईम, पार्ट टाईम, र अस्थायी। थप जानकारीको लागि यो लिंकमा जानहोस्: mysickday.nj.gov

## NJ कार्य सम्बन्धी अधिकार तथा लाभहरू

**NJ तलबी पारिवारिक तथा चिकित्सा बिदा:** आफू वा प्रियजनको स्याहारका लागि नगद लाभहरू; सङ्घीय/राज्यको कानून अन्तर्गत जागिर सुरक्षित हुन सक्छ

**जागिर-सम्बन्धी चोटपटकहरू:** तपाईं कामदारहरूको क्षतिपूर्तिका लागि योग्य हुन सक्नुहुन्छ

**सुरक्षित र स्वस्थ कार्यस्थानहरू:** रोजगारदाताहरूले सङ्घीय OSHA मापदण्डहरू पालना गर्नुपर्छ

**NJ कानूनले काम गर्दा हुने भेदभाद निषेधित गर्दछ:** njcivilrights.gov



# न्यू जर्सी को कार्य सम्बन्धी आफ्ना अधिकारहरू जान्नुहोस्

**myworkrights.nj.gov**

## तपाईंलाई आफ्ना अधिकारहरू उल्लङ्घन भइरहेको छ भन्ने लाग्छ भने

सुरक्षाहरूले धेरै जसोकामदारहरूलाई समेट्छ, चाहे तपाईंलाई नगद, आंशिक दर वा तलब जसरी भुक्तानी गरेको भए पनि फरक पर्दैन।

- आफ्नो दैनिक र साप्ताहिक कार्य समय र तपाईंलाई कति भुक्तानी गरियो भन्ने कुराको हिसाब राख्नुहोस्; **myworkrights.nj.gov** मा उजूरी गर्नुहोस्; **जवाफी बदला लिने रोजगारदाताहरूलाई गम्भीर जरिवाना लगाउन सकिन्छ।**

NJDOL का कर्मचारीहरूले आप्रवासन वा नागरिकता बारे प्रश्न गर्दैनन् र सबै कामदारहरूलाई उनीहरूको स्थिति जेसुकै भए पनि सेवा पुर्‍याउँदछन्। NJDOL ले कानूनी रूपमा आवश्यक नभएसम्म सोधपुछ बाट लिईएको जानकारी कुनै पनि आप्रवासन सम्बन्धि संघीय एजेन्सीलाई दिंदैन।,